प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. :- ०८२/८३

च.नं. :- २५

मिति :- वि.सं. २०८२/०४/०९

विषयः आर्थिक वर्ष २०८२/०८३ को अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन पठाइएको सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, स्थानीय तह (१३७ सबै) , कोशी प्रदेश।

उपरोक्त सम्बन्धमा कोशी प्रदेश विनियोजन ऐन, २०८२ र कोशी प्रदेश आर्थिक ऐन, २०८२ प्रदेश प्रमुखबाट प्रमाणीकरण भई सार्वजनिकीकरण भइसकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ। उक्त ऐन र प्रचलित कानूनमा व्यवस्था भए अनुरुप आयोजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन गर्नुपर्ने हुँदा ती प्रावधानहरु सहितको मार्गदर्शन यस मन्त्रालयको मिति २०८२।०४।०८ को (माननीय मन्त्रिस्तर) निर्णयानुसार यहाँहरुको जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध छ। कोशी प्रदेश विनियोजन ऐन, २०८२ का प्रावधानहरु, प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ र कोशी प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधी, २०८१ मा भएका व्यवस्था र प्रस्तुत मार्गदर्शनबाट वित्तीय हस्तान्तरण र आयोजना वा कार्यक्रम कार्यान्वयनमा सहजता आउनेछ। आफ्नो स्थानीय तहमा स्वीकृत समपूरक अनुदानका आयोजना वा कार्यक्रमहरु, विषयगत मन्त्रालयबाट स्वीकृत सशर्त अनुदान तर्फका कार्यक्रम वा आयोजनाहरु र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गरिएको विवरण तहाँ स्थानीय तहलाई उपलब्ध गराइएको PLMBIS User बाट हेर्न सकिनेछ। बजेटसँग सम्वन्धित अन्य सम्पूर्ण प्रकाशनहरु यस मन्त्रालयको वेभसाइट moeap.koshi.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

## अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धीः

१. वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य, सोह्रौं योजना र कोशी प्रदेशको दोस्रो आवधिक योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदर्शन बमोजिम गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

२. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको असोज २ गते, मंसिर २ गते, फाल्गुन २ गते र २०८३ ज्येष्ठ २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

३. मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजश्व संकलन हुन नसकेमा र प्रदेश सरकारले संघबाट पाउनु पर्ने समानीकरण अनुदान प्राप्त गर्न नसकेमा बुँदा

फोन नं. ०२१-५७४१६८ वेवसाइटः https://moeap.koshi.gov.np ईमेलः info.moeap@p1.gov.np

"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"

शाखा अधिकृत

नं. २ बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो वापतको रकम प्रदेश सरकारको राजस्व प्राप्ति एवम् अनुदान प्राप्तिको अनुपात अनुसार पुनःनिर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्नेछ।

४. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, पौष १ गते, चैत्र १ गते भित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्त भित्र तथा बुँदा नं. ३ बमोजिम प्रदेश सरकारबाट हस्तान्तरण भएको खर्च विवरण प्रदेश सरकारले निर्धारण गरेको समयमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

५. बुँदा नं. ४ बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा हस्तान्तरण गरिने छैन ।

६. सशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको असोज २ गते हस्तान्तरण गर्नेछ।

७. स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँसभा र नगरसभाले पारित गरेको राजस्व र व्ययको अनुमान श्रावण मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

८. बुँदा नं. ७ बमोजिमको कार्ययोजना बमोजिम भौतिक प्रगती तथा खर्च भएको रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको पौष १५ गते, बैशाख १५ गते, असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तसभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

९. बुँदा नं. ८ बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बुँदा नं. ६ बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको शसर्त अनुदानको रकम समायोजन गरी बाँकी



शाखा अधिकृत

रकम सोधभर्ना निकासा दिनुपर्नेछ।

१०. कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम प्रदेशलेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले स्थानीय तहलाई समपूरक अनुदानको रकम हस्तान्तरण गर्नुपर्नेछ। स्थानीय तहलाई समपूरक अनुदानको रकम हस्तान्तरण गर्दा वास्तविक खर्च रकममा कार्यविधि बमोजिम प्रदेश सरकारले व्यहोर्ने हिस्साभन्दा बढी नहुने गरी हस्तान्तरण गरिनेछ।

११. समपूरक अनुदान अन्तर्गत संचालन हुने गरी छनौट भएका आयोजना/कार्यक्रमको लागि विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण गर्न, आयोजना/कार्यक्रमको नाम, क्रियाकलाप, आयोजनाको स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना/कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै अन्य कार्यक्रममा रकमान्तर गर्न पाईने छैन।

१२. समपूरक अनुदानको रकम कार्य प्रगतिको आधारमा त्रैमासिक रुपमा उपलब्ध गराइनेछ। समपूरक अनुदानबाट कार्यान्वयन भइरहेको आयोजना वा कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन पेस गरेपछि मात्र अन्तिम किस्ता वापतको अनुदान रकम उपलब्ध गराइनेछ।

१३. समपूरक अनुदानको हकमा सम्वन्धित स्थानीय तहले अनिवार्य रुपमा आफुले व्यहोर्नु पर्ने लागत साझेदारीको रकम सुनिश्चित गरेर मात्र खरिद प्रक्रिया अगाडी बढाउनुपर्नेछ।

१४. प्रदेश समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गरिने आयोजनाहरु कोशी प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०८१ को दफा १२ को उपदफा २ बमोजिम उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन।

१५. सशर्त र समपूरक अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ।

१६. बुँदा नं. १५ बमोजिम वचत रकम फिर्ता दाखिला नगरेको अवस्थामा त्यस्तो रकम अघिल्ला आर्थिक वर्षहरुमा बाँकी भएकोमा सो रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।



शाखा अधिकृत

१७. प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको सशर्त र समपूरक अनुदान मार्फत सञ्चालन हुने आयोजना वा कार्यक्रमको एकपटक ठेक्का बन्दोबस्त भइसकेपछि बचत हुने रकमको पुनःठेक्का लगाउन पाइने छैन। यसरी बचत हुने रकम सम्वन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ।

१८. सशर्त अनुदान र समपूरक अनुदान संविधानको मर्म र भावना बमोजिम हस्तान्तरण हुनेछ। स्थानीय तहको वित्तीय अन्तर (Fiscal Gap) परिपूर्ति गर्न वित्तीय समानीकरण अनुदान रकम प्रयोग गर्नु पर्ने छ।

१९. नदिजन्य पदार्थको संकलन तथा बिक्रीका लागि स्थानीय तहले तीन पटकसम्म सूचना प्रकाशन गर्दा पनि ठेक्का बन्दोवस्त नभएमा संकलन तथा घाटगद्दी र बिक्रीको लागि दुईवटा छुट्टा छुट्टै ठेक्का लगाउन सक्नेछ। यसरी संकलन तथा घाटगद्दी गरिएको सामग्रीलाई बिक्री गर्ने ठेक्काको न्यूनतम मूल्य कायम गर्दा तोकिएको संकलन शुल्कमा संकलन तथा घाटगद्दी लागत समावेश गरी बिक्रीदर कायम गर्नु पर्नेछ।

२०. प्रदेश भित्रको राष्ट्रिय वन क्षेत्रका नदी खोलामा जम्मा भएको वा थुप्रिएको नदीजन्य पदार्थबाट वन, जङ्गल, मानव वस्ती, खेतीपाती वा भौतिक संरचनामा असर पर्ने वा नपर्ने एकिन गरी संकलन तथा विक्री वितरण गर्ने कार्य सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गरी प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ।

<u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः</u>

२१. स्थानीय तहले आफुले उठाएको राजस्व र कोशी प्रदेश विनियोजन ऐन, २०८२ बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

२२. बुँदा नं. २१ बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुनेगरी बनाउनु पर्नेछः-

- नेपाल सरकार र प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्ने,
- सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,
- अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,



शाखा अधिकृत

- पूँजीगत खर्चतर्फ बिनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र अन्य प्रचलित संघीय तथा प्रदेश कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखांकन तथा प्रतिवेदन प्रणाली लागु गर्ने ।

२१. स्थानीय तहले संकलन गरेको मनोरञ्जन कर, विज्ञापन कर, प्राकृतिक स्रोत संकलन तथा विक्री शुल्क लगायतका प्रदेश सरकार र स्थानीय तहबीच बाँडफाँट हुने राजस्व प्रत्येक महिना बाँडफाँट गरी कानून बमोजिम तोकिएको समयमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

२२. संवैधानिक निकायबाट समय समयमा जारी भएका निर्णय तथा सुझावहरु र महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएका सुझाव समेतलाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनुहुनेछ।

आर्थिक वर्ष २०८२/०८३ को बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको Website: Moeap.koshi.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Durga Dhakal
dhakaldurga449@gmail.com

(दुर्गा ढकाल)
शाखा अधिकृत

शाखा अधिकृत

बोधार्थः
श्री महालेखा परीक्षकको कार्यालय , अनामनगर , काठमाण्डौ ।
श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग , सिंहदरबार ,काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश, रोडशेष चौक, विराटनगर ।
श्री प्रदेश योजना आयोग, कोशी प्रदेश, लेखनाथ मार्ग, विराटनगर ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, खार्जी चौक ।